श्री
उच्च अदालत पाटन
संयुक्त इजलास
इजलास नं.५
माननीय न्यायाधीश श्री बालेन्द्र रुपाखेती
माननीय न्यायाधीश श्री सुदर्शनराज पाण्डे

आदेश

रिट नं.०७९-WO-०९८९
विषयः निषेधाज्ञा

इन्टरनेट सेवा प्रदायक संघ नेपाल समेत.....................................................................निवेदक

विरुद्ध

जलस्रोत तथा सिचाई मन्त्रालय सिंहदरवार काठमाडौं समेत......................................... प्रत्यर्थी

यसमा अल्पकालिन अन्तरिम आदेशलाई निरन्तरता दिने नदिने सम्बन्धमा छलफलको लागी पेश भएको प्रस्तुत निवेदन सहितको मिसिल अध्ययन गरी निवेदकको तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु श्री अशाङ्कन मल्ल, श्री जयलाल भण्डारी, श्री किरण पौडेल, प्रत्यर्थी नेपाल विद्युत प्राधिकरणको तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु श्री राज कुमार पोखरेल, श्री रमेश कुमार घिमिरे, श्री राजन अधिकारी, प्रत्यर्थी उर्जा, जलस्रोत तथा सिचाई मन्त्रालय सिंहदरवार समेतको तर्फबाट उपस्थित उच्च सरकारी वकिल कार्यालयका विद्वान सहायक न्यायाधिवक्ता श्री शान्तीविक्रम शाह तथा प्रत्यर्थी नेपाल दुरसंचार प्राधिकरणको तर्फबाट उपस्थित अधिवक्ताहरु श्री प्रतीक्षा बुढाथोकी र श्री करुणा सिलवालले गर्नुभएको बहस समेत सुनियो।

निवेदक तथा प्रत्यर्थी नेपाल विद्युत प्राधिकरण वीच विधुत पोल प्रयोग भए वापत भाडा दर सम्वन्धि विषयमा विवाद रहेको देखिएको र सोही सन्दर्भमा इन्टरनेट लाइन काट्ने, इन्टरनेट सेवा अवरुद्ध गर्न लागेको आशंका उत्पन्न भएको भनि निषेधाज्ञाको आदेश जारी हुन माग भएको देखियो । विद्युत पोल प्रयोग भए वापतको भाडा असूल गर्ने सम्वन्धमा कानून बमोजिमको आवश्यक प्रकिया अवलम्बन गर्न सकिने अवस्था विद्यमान नै रहेको देखिँदा इन्टरनेट सेवाको प्रकृति, सार्वजनिक संवेदनशीलतालाई विचार गर्दा इन्टरनेट सुविधा अवरुद्ध नभई निरन्तर सेवा प्रवाह गर्नु पर्ने प्रकृतिको विषय रहेको देखिएकोले प्रस्तुत निवेदनमा अन्तिम सुनुवाई हुँदा ठहरे बमोजिम हुने गरि प्रस्तुत निवेदनको टुंगो नलागें सम्मको लागि सार्वजनिक सेवा तथा सुविधा सन्तुलनको दृष्टिबाट प्रस्तुत निवेदन माग बमोजिम इन्टरनेटको तार काट्ने, त्यस आधारमा इन्टरनेट सेवा सुविधा अवरुद्ध गर्ने कार्य नगर्नु नगराउनु भनि नेपाल विद्युत प्राधिकरण केन्द्रिय कार्यालयका नाउँमा अन्तरिम आदेश जारी गर्नु पर्ने अवस्था विद्यमान रहेको देखियो । अतः नेपाल

Scanned with CamScanner

विघुत प्राधिकरणबाट मिति २०७१/०८/०६ को सार्वजनिक सूचना अनुसार इन्टरनेट सेवा प्रवाह गर्ने तार काट्ने, त्यस आधारमा इन्टरनेट सेवा सुविधामा अवरुद्ध गर्ने गराउने कार्य नगर्नु नगराउनु भनी यसमा मिति २०७१/११/०३ मा यस अदालतबाट जारी गरिएको अल्पकालिन अन्तरिम आदेशलाई निरन्तरता प्रदान गरि दिएको छ । आदेशको जानकारी नेपाल विद्युत प्राधिकरण केन्द्रिय कार्यालयलाई दिनु ।

प्रस्तुत निवेदनको विषयवस्तुको गंभिरतालाई विचार गर्दा चाँडो टुंगो लगाउनु पर्ने प्रकृतिको विषय हुँदा अग्राधिकार प्रदान गरिदिएको छ ।

प्रत्यर्थी मध्येको विज्ञान तथा प्रविधि मंत्रालयको नाउँको म्याद मन्त्रालयको नाम फरक परेको भनि तामेल हुन नसकी फिर्ता आएको देखिदा उक्त प्रत्यर्थी मन्त्रालयको हाल कायम रहेको नाम [illegible] नाम खुलाउन लगाई तत्काल म्याद जारी गरि ३ दिन भित्र तामेल गर्न लगाई म्याद भित्र लिखित जवाफ पेश भए वा म्याद नाघे पछि अग्राधिकारको रुपमा नियमानुसार गरि पेश गर्नु ।

(न्यायाधीश) (न्यायाधीश)

इति सम्वत् २०७१ साल फागुन महिना १६ गते रोज ३ शुभम्.........................